नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

# बुटवल घोषणा पत्र

मितिः २०७१ मंसिर १८
बुटवल- १२, रुपन्देही

संविधान निर्माण प्रक्रियामा मुलुक अगाडि बढिरहेको वर्तमान समयमा शासकीय स्वरुप, पहिचान सहितको संघीयता, निर्वाचन प्रणाली आदिबारे केही राजनैतिक दलहरु विगतको सहमतिबाट पछि हट्न खोजिरहेका कारण जतातत्तै अन्यौल र अनिश्चितता व्याप्त रहेको परिप्रेक्षमा गणतन्त्र, पहिचान सहितको संघीयता, धर्म निरपेक्षता, पूर्ण समानुपातिक र समावेशी प्रतिनिधित्वको विरोधी तत्वहरु पनि सलबलाइरहेका वस्तुगत तथ्यलाई मध्यनजर राख्दै,

अन्तरिम संविधानको व्यवस्था, मर्म र भावना अनुरुप अझैपनि सबै क्षेत्रमा उत्पीडित, शोषण दमन, अन्याय, थिचोमिचो, विभेद, बहिष्करणमा पारेका र पारिएका आदिवासी जनजातिहरुको पहिचान तथा हक अधिकार सुनिश्चित हुन नसकेको र नयाँ बन्ने संविधानमा पनि ती अधिकारहरु संस्थागत हुन नसक्ने खतरा बढिरहेको तर्फ दृष्टिगत गर्दै आदिवासी जनजातिहरुको पहिचान तथा हक अधिकार सुनिश्चित भएको संविधान निर्माण गर्न सशक्त आन्दोलनको बिकल्प छैन भन्ने ठहर नेपाल आदिवासी जनजाति महासंघको पूर्ववत अडानलाई निरन्तरता दिँदै,

मुलुकको सार्वभौमिकता, एकता, राष्ट्रिय अखण्डता र स्वाधिनताको प्रतिको महासंघको प्रतिवद्धता प्रति पुनः प्रतिबद्ध हुँदै, ऐतिहासिकताको आधारमा पहिचान सहितको संघीय सविधान, गणतन्त्र, लोकतन्त्र र धर्मनिरपेक्षता, आत्म निर्णयको अधिकार, अग्राधिकार, जातीय स्वशासन र स्वायत्तता सहितको प्रदेश, विशेष स्वायत्त क्षेत्र तथा संरक्षित क्षेत्र, जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली र राज्यका सबै अंग र तहहरुमा जाति, समुदाय तथा लैगिक जनसंख्याको आधारमा समाबेशी तथा समानुपातिक प्रतिनिधित्व र श्रोत माथिको पहुँच र नियन्त्रण सुनिश्चित गराउनको लागि बिगतमा नेपाल सरकार र महासंघबीच भएको सम्झौताहरुको पुनः स्मरण गराउदै,

अन्तरिम संविधानको मर्म अनुसार पहिलो संविधान सभामा भएका सहमतिका सम्पूर्ण मुद्दाहरु दोस्रो संविधानसभाले स्वामित्व ग्रहण गर्ने भन्ने सहमतिबाट पछि हटि प्रमुख राजनैतिक दलहरु राज्यपूनर्संरचनाको खाका तयार गरिरहँदा नेपाल आदिवासी जनजाति महासंघ र सरकारबीच सम्पन्न सम्झौता बिपरित हुनेगरी पहिचान विहीन सात प्रदेश र एक मधेस एक प्रदेश जस्ता पहिचान बिरोधि प्रस्तावहरुलाई अस्वीकार गर्दै,

विगतमा नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ लगायत विभिन्न आदिवासी जनजाति सरोकारवालाहरुसँग गरिएका सहमति र सम्झौताहरुबाट यो संविधान सभा र प्रमुख राजनैतिक दलहरु पछाडि हट्ने सम्भावना र प्रयत्न हुनसक्ने सम्भावना बढदै गएको हुँदा विगतमा सम्पन्न आदिवासी जनजातिहरुको आन्दोलन भन्दा अझ सशक्त र जुझारु आन्दोलन सम्पन्न गर्नुपर्ने आवश्यकतालाई मध्यनजर राख्दै,

**नेपाल आदिवासी जनजाति महासंघको नेतृत्व**मा देशव्यापी रुपमा सशक्त आन्दोलन गर्नका लागि नेपाल आदिवासी जनजाति महासंघ, सम्पूर्ण आदिवासी जनजातिका जातीय संघ संगठन, सम्बन्धन संगठनहरु, महासंघको प्रवासी आदिवासी जनजाति संगठनहरु, जिल्ला, नगर तथा गाउँ समन्वय परिषदहरु, तथा सम्पुर्ण आदिवासी जनजाति सरोकारवाला संघ संगठनहरुलाई निर्णायक आन्दोलनको आह्वान गर्दै, नेपाल आदिवासी जनजाति महासंघको जिल्ला समन्वय परिषदहरुको यहि २०७१ मंसिर १७ र १८ गते बुटवलमा भएको राष्ट्रिय भेलाबाट यो १८ बुँदे घोषणा पत्र जारी गरिएको छ ।

१) आदिवासी जनजातिको अधिकार प्राप्तिका लागि विभिन्न समयमा भएका आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुभएका वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली र आत्माको चिरशान्तिको कामना गर्दै आदिवासी जनजातिको अधिकार प्राप्त गर्ने सहिदहरुको अपूरो सपना पूरा गर्न यो बुटवल राष्ट्रिय भेला पूर्ण प्रतिबद्धता व्यक्त गर्दछ ।
२) आदिवासी जनजातिहरुले उठाउँदै आएका मुद्दा तथा अधिकार प्राप्तिको लागि सरोकारवालाहरुसँग समन्वय गर्ने, कार्यगत एकता गर्ने तथा एक भएर अघि बढ्ने ।

नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

३) अन्तरिम संविधानको मर्म, नेपाल आदिवासी जनजाति महासंघ लगायतका आदिवासी जनजाति सरोकारवालाहरुसँग गरिएका सहमति तथा सम्झौता र नेपाल पक्ष राष्ट्र भएर अनुमोदन गरेका अन्तराष्ट्रिय सन्धि महासन्धि अनुसार जातीय पहिचान सहितको संघीय संविधान जारी गर्नु पर्ने ।

४) जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली र त्यसरी प्रतिनिधित्व हुन नसक्ने अल्पसंख्यकहरुको कम्तिमा एक जाति एक प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने ।

५) नेपाल आदिवासी जनजाति महासंघ र नेपाल सरकारबीच सम्पन्न सम्झौता अनुसार अनुसार आदिवासी जनजाति संवैधानिक आयोगको स्थापना तत्काल गर्नु गराउनु पर्ने ।

६) आदिवासी जनजातिहरुको परम्परागत ज्ञान, शिपलाई संरक्षण र सम्बद्धना गर्दै ऐतिहासिक प्रथाजनित कानुनलाई सरकारले मान्यता दिन भेला जोडदार माग गर्दछ ।

७) आदिवासी जनजातिको मातृभाषाहरुलाई राष्ट्र भाषाको मान्यता दिन गर्न भेला जोडदार माग गर्दछ ।

८) संख्या तथा अधिकार कटौती गरी पहिचान विहीन सात प्रदेश र एक मधेस एक प्रदेश जस्ता मुद्दा आदिवासी जनजातिहरुका लागि अस्वीकार्य हुने हुँदा आत्म निर्णयको अधिकार, स्वायत्तता, पहिचान सहितको संघीय प्रदेशहरु, र स्वायत्त भित्रको स्वायत्तताको आधारमा विशेष क्षेत्र र संरक्षित क्षेत्रहरुको स्थापना गर्न भेला जोडदार माग गर्दछ ।

९) राज्य सञ्चालनका हरेक निकायमा आदिवासी जनजातिहरुको पूर्ण समानुपातिक प्रतिनिधित्व गराउनु गर्न भेला जोडदार माग गर्दछ ।

१०) नेपाल पक्ष राष्ट्र भएर अनुमोदन गरेका आइ. एल. ओ. १६९ (ILO 169) र संयुक्त राष्ट्रसंघीय घोषणपत्र (UNDRIP) सँग बाझिने कानुनहरु तत्काल खारेज गर्न भेला जोडदार माग गर्दछ ।

११) नेपालमा अढाईसय वर्षदेखि चल्दै आएको यो हिन्दु अहंकारवादी एकल जातीय राज्यको अन्त्य गरी जातीय पहिचान सहितको संघीय राज्यहरु सहितको संघीय गणतन्त्रात्मक नेपालको संविधान तोकिएकै समयमा जारी गर्न नेपाल आदिवासी जनजाति महासंघ जोडदार माग गर्दछ ।।

१२) मुलुक धर्म निरपेक्ष राष्ट्र भइसकेपछि पनि नेपाल सरकारद्वारा हिन्दु धर्मको संरक्षण र पृष्ठपोषण गर्न राज्यको ढुकुटीबाट करोडौं खर्च गरिरहेको हुँदा त्यस्ता विभेदकारी राज्यको नीति र व्यवहार तत्काल अन्त्य गर्नु पर्ने ।

१३) मुलुक धर्म निरपेक्ष राष्ट्र भएपछि पनि हिन्दु राजाले बनाएको मुलुकी ऐनमा उल्लेख भएको गौहत्या सम्बन्धी कानूनी व्यवस्था अनुसार आदिवासी जनजातिहरुलाई गाईगोरुको मासु खाएको आरोपमा जेल चलान कार्यलाई तत्काल बन्द गर्नुपर्ने र उक्त कानून तत्काल खारेज गर्नको लागि भेला जोडदार माग गर्दछ ।

१४) मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग लगायतका आयोगहरु र राजनैतिक नियुक्तिहरुमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा नियुक्ति गर्न भेला जोडदार माग गर्दछ ।

१५) दातृ राष्ट्र तथा निकायहरुले नेपाल सरकारलाई तथा नेपाल सरकारको योजना र परियोजनामा लगानी तथा सहयोग उपलब्ध गराउनु पूर्व नेपाल सरकारले हस्ताक्षर गरिसकेको आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) र ILO 169 अनुसार सम्बन्धित क्षेत्रका आदिवासी जनजातिहरुको आधिकारिक निकाय तथा परम्परागत प्रथाजनित संगठनहरुसँग स्वतन्त्र पूर्व सुसूचित मञ्जुरी (FPIC) अनिवार्य गर्न भेला जोडदार माग गर्दछ ।

१६) थोरै संख्यामा रहेका आदिवासी जनजाति समुदायहरुको न्युनतम् एक जाति एक प्रतिनिधित्व राज्यको हरेक निकायमा गरियोस् र स्वायत्त क्षेत्र तथा विशेष संरक्षित क्षेत्रको व्यवस्था गर्नुपर्ने ।

१७) महिला समावेशीकरण अन्तर्गत आदिवासी जनजाति महिलाको लागि छुट्टै व्यवस्था गर्नुपर्ने ।

१८) सम्पूर्ण आदिवासी जनजाति, महिला, मधेशी, दलित, मुस्लिम, अपाङ्ग, तेस्रोलिंगी, मजदुर, युवा, विद्यार्थी, कलाकार लगायतहरुमाथि भएको विभेदहरुमाथि भएको विभेदको अन्त्य गर्नुपर्ने ।

**नगेन्द्रकुमार कुमाल**